# यूहन्नाको सुसमाचार

यूहन्नाको सुसमाचार अन्य चार सुसमाचारका पुस्तकहरु मध्ये एक विशेष पुस्तक हो। यो पुस्तकले येशूको जन्म र बप्तिस्मको विषयलाई उल्लेख गरेको छैन। यो पुस्तकमा येशूले भन्नुभएको धेरै दृष्टान्तहरु मध्ये कुनै दृष्टान्त पनि प्रस्तुत गरेको छैन, र आफ्नो छिमेकी र शत्रुलाई प्रेम गर भन्ने महान् आज्ञा पनि उल्लेख गरिएको छैन। थप रुपमा यूहन्नाको सुसमाचारले अन्य सुसमाचारहरुको तुलानामा परमेश्वरको राज्यको बारे विरलै कुरा गर्छ। यसमा यी सबै कुराहरु नभए तपनि, यूहन्नाको सुसमाचार यति आध्यात्मिक रुपमा गहिरो छ कि तपाईले आफ्नो बाँकी जीवनको लागि यो पुस्तक अध्ययन गर्न सक्नुहुन्छ र अझै पनि प्रत्येक पटक नयाँ कुराहरु पत्ता लगाउन सक्नुहुन्छ।



**लेखक:** यूहन्ना येशूको चेला। जसलाई प्रेरित यूहन्ना पनि भनिन्छ।

**मीति:** ५५-९५ AD बीचमा लेखिएको थिए।

**मूल दर्शक:** येशूलाई पछ्याउने दुवै यहूदी र गैर-यहूदी।

**पुस्तकको मुख्य उद्देश्य:** यूहन्नाले आफ्नो पुस्तक लेख्नुको मुख्य उद्देश्य पुस्तकको अन्तमा यसरी भन्छ, "येशूले आफ्नो चेलाहरु मझ धेरै चमत्कार चिन्हहरु प्रस्तुत गर्नुभयो, जुुनचाहिँ यस पुस्तकमा उल्लेख गरिएको छैनन्। तर यी लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्।" (२०:३०-३१)। यस खण्डहरुमा हामी तीन वटा महत्वपूर्ण कुराहरु सिक्न सक्छौं: पहिलो, यूहन्नाले स्विकर्छन् कि येशूका अन्य धेरै कथा र भनाईहरु थिए जुन उनले आफ्नो पुस्तकमा थप्न सक्थे। यो सम्भव छ कि यूहन्नाले मत्ती, मर्कूस र लूकाद्धारा लेखिएका अन्य तीन सुसमाचारहरु बारे थाहा थियो र उनले लेखेका सुसमाचारमा ती कथाहरु सुरक्षित गर्न आवश्यक छैन भनेर थाहा थियो।
दोस्रो, यूहन्नाले भन्छन् कि उनले यो पुस्तक लेख्नुको उद्देश्य थियो कि तपाईले विश्वास गर्नुहुनेछ कि येशू नै ख्रिष्ट, परमेश्वरका पुत्र हुनुहुन्छ। यूहन्नालाई थाहा छ कि यो हरेक व्यक्तिले विश्वास गर्न सबै भन्दा महत्वपूर्ण कुरा हो।
अन्तमा, उहाँ भन्नुहुन्छ कि विश्वास गरेर तपाईलाई उहाँको नाऊमा जीवन पाउन सक्नुहुन्छ। उहाँको सुसमाचारको सुरुवातको खण्डमा यूहन्नाले हामीलाई बताउँछन् कि येशूमा जीवन छ, र त्यो जीवन सबै मानवको निम्ति ज्योति हो (१:४)। "तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो। तिनीहरूले मानिस र उसको शारीरिक इच्छा-अभिलाषाबाट जन्म पाएका होइनन्, तर परमेश्वर नै तिनीहरूका पिता हुनुहुन्छ।" (१:१२-१३)।

**यूहन्नाको सुसमाचारको रुपरेखा:**

1. परिचय- जीवनको सुरवात (१:१-१८)
2. चिन्हरुको पुस्तक (१:१९-१२:५०)
   यस भागमा, यूहन्नाले हामीलाई येशूले गर्नुभएको अचम्मको कुराहरु बारे बताउँछन्। यस भागमा सात वटा अचम्मका कामहरु उल्लेख गरिएको छ।
3. महिमाको पुस्तक (१३:१-२०:१३)
   यस भागमा, यूहन्नाले येशूको अन्तिम हप्तामा ध्यान केन्द्रित गरे जब येशूको महिमित हुनु पार्ने समय आउनु पार्ने थियो।(१३:१ र १७:१ मा हेर्नुहोस्)
4. समापन कथाहरु (२१:१-२५)

## सात चिन्हका खण्डहरु:

यहूदी सस्कारमा, सात पूर्णता र समापनको चिन्ह हो। यूहन्नाले सात विभिन्ना कुराहरु आफ्नो पुस्तकमा उल्लेख गरिएको छ। उदाहरणको लागि: येशूले सात वटा चिन्हहरु/चमत्कारहरु प्रस्तुत गर्नुभयो।

1. पानी दखमध्यमा परिवर्तन भएको (२:१-११)
2. उच्च अधिकारीको छोरो निको पारिएको (४:४६-५४)
3. जल-कुण्डमा पक्षाघाती निको पारिएको (५:१-९)
4. येशूले पाँच हजारलाई खुवाउनुभएको (६:१-१४)
5. येशू पानीमाथी हिड्नुभएको (६:१६-२१)
6. जन्मैको अन्धालाई दृष्टिदान (९:१-१२)
7. येशूले लजारसलाई बिँताउनुभएको (११:१-४६)

### सात "म हुँ" कथानहरु

येशूले भन्नुभयो:

1. "जीवनको रोटी म हुँ" (६:३५, ५१)
2. "म संसारको ज्योती हुँ" (८:१२, ९:५)
3. "ढोका म हुँ" (१०:७, ९)
4. "म असल गोठालो हुँ" (१०:११, १४)
5. "पुनरुत्थान र जीवन म नै हुँ" (११:२५)
6. "बाटो सत्य र जीवन म नै हुँ" (१४:६)
7. "साँचो दाखको बोट म हुँ" (१५:१, ५)

## विलकुल सही सात "म हुँ" कथानहरु:

जब परमेश्वरले इस्राएलीहरुलाई मिश्र देशबाट प्रतिज्ञाको देशमा डोर्याउनको निम्ति मोशलाई पठाउनुभयो, मोशले परमेश्वरलाई सोध्यो, "हेर्नुहोस्, जब जब म इस्राएलीहरुकहाँ गएर तिनीहरुलाई भन्नेछु, तिमीहरुका पितापुर्खाका परमेश्वरले मलाई तिमीहरुकहाँ पठाउनुभएको हो, तब तिनीहरुले 'उहाँको नाउँ के हो त? भनेर सोधे भने, मैले तिनीहरुलाई के भन्ने?" तब परमेश्वरले मोशालाई भन्नुभयो, "म हुँ जो म हुँ।" फेरी उहाँले भन्नुभयो, इस्राएलीहरुलाई तैले यसो भन्नु," 'म हुँ" भन्नेले तिमीहरुकहाँ पठाउनुभएको हो।"(प्रस्थान ३:१३-१४) यूहन्नाको पुस्तकमा, येशूले सात पटक त्यही शब्द भन्नुभएको छ। येशुले ती शब्दहरु प्रयोग गर्ने तरिका अनौठो लाग्न सक्छ, जब हामीले ती शब्दहरु आफ्नै भाषामा अनुवाद गर्छौं, तर मानिसहरु जसले ति शब्दहरु पहिलो पटक सुनेका थिए तिनीहरुले उहाँले के भन्नुभएको थियो भनी थाहा थियो: येशू परमेश्वर हो भन्दै थियो। हरेक "म हुँ" भन्ने पदहरुलाई ध्यान दिनुहोस्: ४:२६, ६:२०; ८:२४, ८:२८, ८:५८; १३:१९; १८:५–८। अन्तिम पटक येशूले "म नै हुँ" भन्नु नै सबै भन्दा शक्तिशाली हो। तिनीहरूले उहाँलाई भने, "नासरतका येशूलाई।" येशूले तिनीहरूलाई भन्नुभयो, "म उही हुं।" (१८:५) येशूको भनाई यति स्तब्ध र शक्तिशाली थियो कि उहाँलाई पक्रन आएकाहरु भुइँमा लडे।

## एक अर्कालाई प्रेम गर्नु

यूहन्नाको सुसमाचारले अन्य तीन सुसमाचारहरु भन्दा प्रेम बारेमा धेरै कुराहरु बताउँदछ।"प्रेम" शब्द पचास भन्दा बढी आउँछ, तर पनि यूहन्नाको सुसमाचारले आफ्नो छिमेकीलाई/शत्रु प्रेम गर्नु येशूको महान् आज्ञा बारे उल्लेख गरेको छैन। (मर्कूस १२:३१, मत्ती ५:४४ र लूका ६:२७)। त्यसकोसट्टामा, मुख्य विषय चाहिँ एक अर्कालाई प्रेम गर्नु बारे हो। येशूले आफ्नो अनुयायीहरुलाई भन्नुभयो, "एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछु: तिमीहरु एक-अर्कालाई प्रेम गर। तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि एक-अर्कालाई त्यस्तै किसिमले प्रेम गर। यदि तिमीहरूले एक-अर्कालाई प्रेम गर्‍यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरु मेरा चेलाहरु हौ।" (१३:३४-३५) यूहन्नाको सुसमाचारमा परमेश्वरको प्रेमको बारेमा सबैभन्दा प्रसिद्द पद पनि उल्लेख गरेको छ:"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।"

---

माथी दिएको "सात चिन्ह" का प्रत्येक खण्डहरु पढ्नुहोस् र निम्न प्रश्नहरुको छलफल गर्नुहोस्;

1. यस कथामा येशूको शक्ति बारे हामी के सिक्न सक्छौं?
2. मानिसको बारेमा हामी के सिक्न सक्छौं?
3. येशूको आज्ञा पालन गर्न मैले के गर्नुपर्छ?
4. म यो कथा कसलाई बताउन सक्छु?